बैठक संख्या : ७३(त्रिहत्तर)

आज मिति २०७९ असोज २७ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | धनमाया सुनार | का.वा. वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ७३ औं कार्यपालिका बैठक (२०७९।०६।२७)

एजेण्डा:

१. आ.व. २०७९/८० को ढुंगा, गिट्टी, बालुवाको टेन्डर सम्बन्धमा
२. जफत गरिएको गिट्टी, बालुवाको लिलाम सम्बन्धमा
३. इजाजत नवीकरण/ जरिवाना राजश्व (म्याद सकिएको) सम्बन्धमा
४. खानेपानी मुहान नवीकरण/जरिवाना राजश्व सम्बन्धमा
५. विविध

क) विगतका योजना सम्बन्धमा
ख) ठेक्का सम्बन्धमा
ग) गत आ.व को प्रशासनिक खर्चको बाँकी भुक्तानी समवन्धमा
घ) कार्यपालिका बैठक सम्बन्धमा

निर्णयहरु:

निर्णय नं. १ : आ.व. २०७९/८० को ढुंगा, गिट्टी, बालुवाको टेन्डर सम्वन्धमा :

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस विदुर नगरपालिकाको आ.व. २०७९/८० को नदिजन्य, खानीजन्य र कवाडीको ठेक्का २०% ले घटाई चौथो पटक सूचना प्रकाशन गर्दा समेत समय अवधि भित्र कुनै पनि बोलपत्र दर्ता नभई ठेक्का नलागेको भनी मिति २०७९।०६।१४ मा बसेको राजश्व परामर्श समितिले पुन सूचना प्रकाशन गर्न कार्यपालिकालाई अनुरोध गरी पठाएकोले आन्तरिक जनशक्तिबाट राजश्व उठाउँदा जनशक्ति र प्रशासनीक खर्च समेत धेरै बढ्ने हुनाले बाँकी अवधी पनी कम हुँदै गएकोले हाललाई पवित्र निर्माण हाउजीङ प्रा.ली. (वि.न.पा ३ को खानीलाई समावेश नगरी अन्य खानी तथा खोला/नदीहरुबाट निस्कासित हुने नदीजन्य पदार्थको बाँकी अवधीको लागी प्रथम पटक प्रकाशन भएको सूचनाको मु.अ.कर बाहेकको कवोल अंक कवाडी कर समेतको रु ७८५०००००। मा ४०% घटाइ हुन आउने रकम रु ४७१०००००। बराबरको बोलपत्र ठेक्का सम्झौता भए देखिको बाँकी अवधीको लागि रकम अनुसारको परिमाण घटाई पाचौ पटक सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २ : जफत गरिएको गिट्टी, बालुवाको लिलाम सम्बन्धमा :

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रको मिति २०७९ आश्विन २५ गते भित्र जफत गरिएका नदिजन्य तथा खानिजन्य पदार्थ (गिट्टी, बालुवा, ढुंगा) को नगरपालिकालाई प्राप्त प्राविधिक परिमाण अनुसार एकिकृत गरी आवश्यक प्रक्रिया पूरा गरी लिलाम बढाबढ गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३ : इजाजत नवीकरण/ जरिवाना राजश्व (म्याद सकिएको) सम्बन्धमा :

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस कार्यालयमा सूचिकृत भएका घ वर्गका ठेक्का इजाजत पत्रको नवीकरणको म्याद सकिएका इजाजत पत्रको नवीकरण गर्दा जरिवाना म्याद नागि सकेपछि पहिलो वर्षलाई ३०,०००। र प्रत्येक थप वर्षको लागी रु १०,०००। जरिवाना लिई म्याद नवीकरण गर्ने र जिल्ला भित्र अर्को स्थानिय तहमा ठाउँसारि गरी लैजाने माग भएमा रु ५,०००। र अन्तर जिल्लाको लागि माग भएमो रु १०,०००। शुल्क लिई ठाउँसारी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ४ खानेपानी मुहान नवीकरण/जरिवाना राजश्व सम्बन्धमा:**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा जलश्रोत समिति अन्तर्गत साविक जि.वि.स अन्तर्गत २०७४ साल भन्दा अगाडि दर्ता भई आएका श्रेस्ता अन्तर्गतका जलश्रोत समितिका प्रमाण पत्रहरुको नवीकरण गर्न आउँदा वार्षिक नवीकरण शुल्क रु १०००। र जरिवाना शुल्क प्रति वर्ष रु ५००। लिई सो प्रमाणपत्र खिचि विदुर नगरपालिकाको प्रमाणपत्र वितरण गर्न कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ५ : विविध :**

**(क) विगतका योजना सम्बन्धमा**

गत आ.व.. मा सम्झौता भई निर्माण सम्पन्न भएको योजनाको रकम भुक्तानी सोही आ.व.मा रकम अभावका कारण दिन नसकि यस आ.व.२०७९।०८० मा भुक्तानीको लागि स्वामित्व सरी आएको र यस आ.व. मा पनि कुन स्रोतबाट दिने नखुलेको हुँदा एक समिति गठन गरि उक्त समितिले विभिन्न शिर्षकबाट रकमान्तर गरी स्रोत सुनिश्चित गरेर प्रतिवेदन पेश गर्ने र सो आधारमा भुक्तानी दिने र आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने साथै आर्थिक स्रोत सुनिश्चित नभएको ठेक्का सम्झौता रद्द गर्न समेत यस समितिले प्रतिवेदन दिएपछि सोही अनुसार गर्ने निर्णय गरियो ।

समिति

| | | |
|---|---|---|
| १) संयोजक | श्री १ नं वडा अध्यक्ष | -लेलिन रन्जित |
| २) सदस्य | श्री ५ नं वडा अध्यक्ष | -लिलानाथ न्यौपाने |
| ३) सदस्य | श्री १० नं वडा अध्यक्ष | -गणेश कुमार नेपाल |
| ४) सदस्य | श्री लेखा शाखा प्रमुख | -विनोद राज खनाल |
| ५) सदस्य सचिव | श्री योजना शाखा प्रमुख | -हरि प्रसाद प्याकुरेल |

**ख) ठेक्का सम्बन्धमा**

यस नगरपालिकामा संघीय सरकार तथा प्रदेश सरकारबाट रकम विनियोजन भएका समपुरक अनुदान, विशेष अनुदान, बहुवर्षिय योजना, सडक बोर्ड लगायतबाट निर्माण हुने योजनाहरुको हकमा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार संचालन गर्ने र यस नगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजन भएका योजनाको हकमा रु १०,००,०००। सम्मको उपभोक्ता समितिबाट र त्यस भन्दा माथिका योजना टेन्डर प्रक्रियाबाट निर्माण गर्न कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो ।

**ग) गत आ.व को प्रशासनिक खर्चको बाँकी भुक्तानी समबन्धमा**

गत आ.व. २०७८।७९ वडा कार्यालयहरुको प्रशासनिक खर्च भुक्तानी दिन बाँकी रहेको रकम यस आर्थिक वर्षमा भुक्तानी दिन बाँकी प्रमाणित गरी भुक्तानी दिन कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो ।

**घ) कार्यपालिका बैठक सम्बन्धमा**

प्रत्येक महिनाको १५ गते कार्यपालिका बैठक बस्ने र सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यपालिका बैठक बस्ने निर्णय गरियो ।

Scanned with CamScanner